बालविवाह सामाजिक र कानूनी अपराध हो
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ वैशाख १३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 26 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३७

## दलबलका साथ नेताहरूद्वारा उम्मेदवारी दर्ता

प्रस, वीरगंज, १२ वैशाख/

वीरगंज महानगरपालिकामा वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि दोस्रो दिन मुख्य दलहरूले उम्मेदवारी दर्ता गराएका छन्।

नेकपा एमाले, लोसपा र राप्रपा नेपालको गठबन्धनबाट नगरप्रमुखमा निवर्तमान नगरप्रमुख विजयकुमार सरावगीले उम्मेदवारी दर्ता गराएका छन् भने उपप्रमुखमा लोसपा पर्साका अध्यक्ष पुरुषोत्तमलाल झाले उम्मेदवारी दर्ता गराएका छन्।

एमालेलगायतको गठबन्धनबाट चारवटा वडामा लोसपा र राप्रपा नेपालले उम्मेदवारी दर्ता गराएका छन् भने २८ वटा वडामा एमालेतर्फबाट वडाध्यक्ष र वडासदस्यको उम्मेदवारी दर्ता भएको बताइएको छ।


नगरप्रमुखमा उम्मेदवारी दर्ता गराएपछि सरावगी, सिंह र गिरी


नगर उपप्रमुखको उम्मेदवारी दर्ता गराएपछि झा, आलम र जयसवाल। तस्वीर: प्रतीक


निर्वाचन कार्यालय, पर्सामा उम्मेदवारी दर्ता गर्दै कर्मचारीहरू। तस्वीर: प्रतीक

सत्तारूढ गठबन्धनबाट जसपाका नेता राजेशमान सिंहले नगरप्रमुखमा उम्मेदवारी दर्ता गराएका छन्। सोही गठबन्धनबाट नेपाली काङ्ग्रेसका नेता इम्तियाज आलमले उपप्रमुखमा उम्मेदवारी दर्ता गराएका छन्। सत्तारूढ गठबन्धनबाट वीरगंज महानगरपालिकाको ३२ वटा वडामा भागबन्डा अनुसार वडाध्यक्ष र वडासदस्यहरूको उम्मेदवारी दर्ता गराएको नेकालगायत गठबन्धन दलका नेताहरूले बताएका छन्।

वीरगंज महानगरको प्रमुखमा राप्रपाबाट पत्रकार गिरिश गिरीले उम्मेदवारी दर्ता गराएका छन् भने उपप्रमुखमा सोही पार्टीबाट वीणा जयसवालको उम्मेदवारी परेको छ।

अन्तिम दिन सोमवार बिहान १० देखि साँझ ५ बजेसम्मको उम्मेदवारी दर्ताको लागि समयतालिका रहे तापनि मुख्य दलहरू अपराह्न २ बजेपछि मात्रै उम्मेदवारी दर्ताका लागि जुलुस लिएर पुगेका थिए। विभिन्न पार्टीका उम्मेदवारहरू बाजागाजासहित नारा जुलुस लगाउँदै उम्मेदवारी दर्ता गर्न जिल्ला समन्वय समितिस्थित निर्वाचन कार्यालय पुग्दा सो क्षेत्रमा चुनावी मेला लागेको थियो।

दर्जनौं आकाङ्क्षीहरूले लाम लागेर उम्मेदवारी दर्ता गराएका कारण वीरगंज महानगरपालिकामा नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, वडासदस्यलगायत पदमा कतिजनाको उम्मेदवारी पऱ्यो भन्ने विषयमा अबेर रातिसम्म तथ्याङ्क आउने निर्वाचन कार्यालयले जनाएको छ।

## जुलुसमा बालबालिकाको प्रयोग

प्रस, वीरगंज, १२ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको


तस्वीर: प्रतीक

निर्वाचनको लागि उम्मेदवारी दर्ता गराउन पुगेका दलहरूले जुलुसमा बालबालिकाहरूको प्रयोग गरेका छन्।

आचारसंहिताविपरीत दलहरूले ससाना बालबालिकाहरूलाई बाजागाजा तथा ऱ्यालीमा दलको झन्डा बोकाइ डिजे र बाजामा नृत्य गर्नसमेत लगाएका थिए। मधेस प्रदेशका अधिकांश जिल्लामा यस्तो गतिविधि देखिए तापनि सरोकारवाला निकायले यस्तो विकृतिलाई नियन्त्रण गर्न सकेको छैन।

पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी गरी आठवटै जिल्लामा यस्तो गतिविधि देखिएकोप्रति बालबालिकाको हकअधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाले गुनासो गरेका छन्। चुनावको बेला बालबालिकालाई चुनाव प्रचार, सभा, जुलुस, गोष्ठी, अन्तर्क्रिया, मतदानलगायतका काममा प्रयोग गर्न नहुने र बालबालिकालाई उपयोग गर्ने दलहरूलाई कारबाई हुनुपर्ने अधिकारकर्मीहरूको भनाइ छ।

## रौतहटमा दलहरूका उम्मेदवारद्वारा मनोनयनपत्र दर्ता

प्रस, रौतहट, १२ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि गौर नगरपालिकामा नेकपा एमालेबाट नगरप्रमुख पदमा


तस्वीर: प्रतीक

अनिलकुमार मिश्र र उपप्रमुखमा अमबेया खातुनले उम्मेदवारी दर्ता गराएका छन्।

एमालेबाटै वडा नं १ मा अध्यक्ष पदमा अमितकुमार ठाकुर, २ मा विवेक पटेल, ३ मा कमलेश मिश्र, ४ मा विन्देश्वर पण्डित, ५ मा महेन्द्र झा, ६ मोहमद मुर्तुजा, ७ मा यार महम्द खाँ, ८ मा परमात्माकुमार नेपाल र ९ मा सरोज सिंहले उम्मेदवारी दर्ता गराएका छन्।

गौर नगरपालिकाको नगरप्रमुख र उपप्रमुख पदमा नेपाली काङ्ग्रेसतर्फबाट मोहन यादव र शाहजहा खातुनले उम्मेदवारी दिएका छन्।

गौर नगरपालिकामा नेकपा एकीकृत समाजवादीबाट नगरप्रमुख पदमा शम्भु साह र उपप्रमुखमा शैलकुमारी देवीले मनोनयनपत्र दर्ता गराएका छन्।

दुर्गाभगवती गाउँपालिकामा नेकाको तर्फबाट अध्यक्ष पदमा अरुण साह र उपाध्यक्ष पदमा मञ्जु देवीले उम्मेदवारी दर्ता गराएका छन् भने वडा १ मा सुरेश चौधरी, २ मा प्रद्युम्न चौधरी, ३ मा धीरेन्द्र केशरी, ४ मा रामबाबू यादव र ५ मा धर्मनाथ चौधरीले उम्मेदवारी दिएका छन्।

राजदेवी नगरपालिकाको प्रमुख पदमा एमालेबाट अंशु सिंह, काङ्ग्रेसबाट धीरेन्द्र सिंह र जसपाबाट अविनाश सिंह, नेकपा एसबाट भिखारी यादव, लोसपाबाट नवल साह, माओवादीबाट राजाराम साह र जनमतबाट अशोक सिंहले उम्मेदवारी दर्ता गराएका छन्।

माधवनारायण नगरपालिकाको प्रमुख पदमा जसपाबाट वीरेन्द्रप्रसाद यादव, काङ्ग्रेसबाट बैजुप्रसाद यादव, एमालेबाट उपेन्द्र साह, लोसपा नेपालबाट लीलाप्रसाद साह, नेकपा माओवादीबाट देवनारायण भगतले उम्मेदवारी दिएका छन्।

## नेत्री मिश्रको स्वतन्त्र उम्मेदवारी

प्रस, वीरगंज, १२ वैशाख/

लोकतान्त्रिक समाजवादी पार्टीकी


स्वतन्त्र उम्मेदवारी दर्ता गरेपछि रम्भा मिश्र (बीचमा)। तस्वीर: प्रतीक

महिला नेत्री रम्भा मिश्रले स्वतन्त्रबाट वीरगंजको उपप्रमुखमा उम्मेदवारी दिएकी छन्। नेकपा एमाले, लोसपा र राप्रपा नेपालबीच गठबन्धन हुँदा महिलालाई पाखा लगाएर पुरुषलाई टिकट दिएपछि उनी निराश बन्दै सम्पूर्ण महिलाको प्रतिनिधित्व गर्ने अभिप्रायले वीरगंज महानगरको उपप्रमुखमा आफूले उम्मेदवारी दर्ता गराएको बताइन्।

उनले वीरगंज महानगरपालिकाका महिलाहरूको सल्लाह सुझावमा गलत कामको पर्दाफाश गर्न र महिलाको अस्तित्व जोगाउन उपप्रमुखमा उम्मेदवारी दिएको जानकारी गराइन्।

## बहुदरमाईमा त्रिकोणात्मक भिडन्त हुने

प्रस, पोखरिया, १२ वैशाख/

बहुदरमाई नगरपालिकामा



उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन सोमवार मुख्य दलहरूले उम्मेदवारी दर्ता गराएका छन्।

सो नपामा नेकपा एमाले, नेपाली काङ्ग्रेस र जनता समाजवादी पार्टीबीच त्रिकोणात्मक प्रतिस्पर्धा हुँदैछ। एमालेतर्फबाट प्रमुखमा शिव पटेल, उपप्रमुखमा सुषमा कुशवाहा, नेकातर्फबाट प्रमुखमा नितेन्द्र साह तेली, उपप्रमुखमा सोनामती देवी र जसपातर्फबाट प्रमुखमा सिंहासन साह तेली र उपप्रमुखमा शान्ति कुशवाहाले उम्मेदवारी दर्ता गराएका छन्।

## जग्गा बिक्रीमा

बारा जिल्ला, कलैया उपमहानगरपालिका-९ बघवननजीकै १५० फिटभन्दा बढी मोहडा भएको १५ कट्ठा जग्गा घडेरी वा व्यापार प्रयोजनको लागि बिक्रीमा छ।
सम्पर्क नं.: ९८५१३२३५४३

## विचारसार र सूक्तिहरू

**जीवन एउटा परीक्षा हो, धेरै मानिस यसमा फेल हुन्छन् किनकि ती अरूको नकल गर्छन् यो नबुझेर कि पेपर त सबैको भिन्नाभिन्नै हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# आचारसंहिता उल्लङ्घनको खतरा

**वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि हिजो र आज वैशाख ११ र १२ गते उम्मेदवारहरूले दलगत र स्वतन्त्ररूपमा उम्मेदवारी दर्ता गराएका छन् । यसपटक निर्वाचन आयोगले उम्मेदवारी दर्ताको लागि दुई दिनको समयसीमा तोकेको थियो । सोअनुरूप आइतवार साना दलहरू र स्वतन्त्र उम्मेदवारहरूको बढी सहभागिता थियो भने सोमवार ठूला राजनीतिक दलका उम्मेदवारहरूले दर्ता गराएका छन् । उम्मेदवारी दर्ता सकिए लगत्तै अहिले चुनावी चहलपहल बढेको महसूस गरिएको छ । उम्मेदवारी दर्ता हुनुअघि हिजोसम्म विभिन्न दल परित्याग गर्ने, विभिन्न दलमा प्रवेश गर्ने क्रम बढेको थियो । उम्मेदवारी दर्तापछि यो क्रममा अब विराम लाग्ला । किनभने अब दल बदल्नुको स्वार्थ उम्मेदवार हुन सकिन्छ भन्ने रहेन । यसअघि एउटा दलबाट उम्मेदवार बन्न नसकेकाहरू अन्य दलमा प्रवेश गरेर आफ्नो राजनीतिक अभीष्ट पूरा गर्ने प्रयासमा सक्रिय थिए । आजको दिनबाट दलबदलु प्रवृत्तिमा विराम लागेको छ, अपवादबाहेक । यसअघि को कुन दलमा थियो र कुन दलमा गयो अनि कुन दलमा छ भनेर हिसाबकिताब राख्न गाह्रो भएको थियो, दलहरूलाई । बुर्लुक्क उफ्रेर उता जाने, बुर्लुक्क उफ्रेर यता आउने कार्य भइरहेको थियो । अब यो प्रक्रियामा विराम लागेको छ । तर उम्मेदवारी दर्तापछि राजनीतिक यात्रा तेज भएको छ । हिजोसम्म चुनावी प्रचारप्रसारमा वीरगंज महानगरपालिकामा एमालेका विजयकुमार सरावगी र जनता समाजवादी पार्टीका राजेशमान सिंहको मात्र चुनावी प्रचारप्रसार थियो । अन्य राजनीतिक दलहरूले उम्मेदवारको टुङ्गो लगाएका थिएनन् ।**

**राजनीतिक दलहरूले पर्सालगायतका जिल्लाहरूमा प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्यहरूको नामावली तयार नगरेका होइनन् । तर यसपटक दुई दिन उम्मेदवारी दर्ताको समय तोकिएकोले दलहरूले उम्मेदवारी घोषणा गर्दा टिकटका आकाङ्क्षीमध्येबाट अन्य दलमा प्रवेश गरी उम्मेदवार हुने आशङ्का भएकोले पनि पहिलो दिनमा उम्मेदवारी दर्ता गराएनन् र दोस्रो दिनको प्रतीक्षा गरे । कुरो उही रह्यो, आज पनि टिकटका आकाङ्क्षीमध्येबाट टिकट नपाए थोरै मानिस अन्य दलमा टिकटको लागि पुगेका थिए । समग्रमा भन्नुपर्दा निर्वाचन आयोगले दुई दिने दर्ता अभियान अघि बढाएर सहजता बनाएको छ । पहिलो दिन साना दलहरू र स्वतन्त्रका उम्मेदवारहरूले मनोनयन दर्ता गरे भने दोस्रो दिन ठूला दलले उम्मेदवारी दर्ता गराए । यसले चुनावमा एक प्रकारको भीडलाई नियन्त्रण गर्ने कार्य भयो । तर यसबीचमा चुनावी आचारसंहिताको पालना भने भएन । आचारसंहिता पालनाको विषयमा गत चुनावमा पनि पर्सा जिल्ला आरोपित नै रह्यो ।**

**गत स्थानीय चुनावमा भएका आचारसंहिता उल्लङ्घनका तथ्याङ्क निर्वाचन कार्यालय पर्सामा उपलब्ध छैन । चुनाव सम्पन्न भयो, त्यो मात्र सफलताको कुरा भयो, निर्वाचन कार्यालयको लागि । अहिले पनि कसरी स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने भन्ने विषयमा कार्यालय क्रियाशील देखिएको छ । आयोगले निर्धारण गरेका आचारसंहिताको उम्मेदवारी दर्ता अवधिसम्ममा सबै दलले चरम उल्लङ्घन गरे । आगामी दिनमा अझ बढी उल्लङ्घन हुने कुरामा आजको उम्मेदवारी दर्ताको परिदृश्यले देखाएको छ । आचारसंहिता लागू गर्नु मात्र बहादुरीको कुरो होइन, सोको कार्यान्वयन गराउन नसक्नु कमजोरी हो ।**

# स्थानीय सरकार : दायित्व र आवश्यकता

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com

**चुनाव जित्ने मात्र महत्त्वाकाङ्क्षा र भोटको राजनीति सदाका लागि बन्द गरौं । आफ्नो असल कर्ममार्फत आफू, गाउँ र समाजलाई उदाहरणीय र प्रेरणादायी बनाउने लामो यात्रामा सरिक हुने कोशिश गरौं । दुनियाँ बदल्नु पहिले आफू बदलौं, आफ्नो ढङ्ग बदलौं ।**

स्थानीय निकाय राज्यको एउटा स्वायत्त अङ्ग हो जसले यातायात, योजना, आवास, आर्थिक र सामुदायिक विकास, वातावरण, मनोरञ्जन र सुविधा सेवाहरू, साथै जनजीविकाबारे स्थानीय स्रोत र साधन सदुपयोग गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउन ठूलो भूमिका खेल्न सक्नुपर्छ ।

नेपालको संविधान–२०७२ ले तीन श्रेणीको सरकारको व्यवस्था गरेको छ । तीमध्ये नागरिकको दिनचर्यासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकार हो । स्थानीय निकाय पहिले पनि थियो । तर विकेन्द्रीकृत थिएन । सङ्घीयता विकेन्द्रीकरणमात्र होइन, विकासको चाहना र यसको प्राप्ति र प्रत्याभूतिको उत्कट चाहना पनि हो । तहगत सरकार अन्य देशमा पनि छन् । श्रेणीगत सरकार सञ्चालनमा खर्चको भार र भ्रष्टाचार बढेको छ । तर यो सङ्घीयताको दोष होइन, उचित कार्यान्वयनको अभाव हो ।

स्थानीय तहले जनतामा विकासको चाहना जागृत गराउन सक्नुपर्छ । यो आफ्नो क्षेत्रमा विकासको पहिचान र सहभागिताका लागि उपयुक्त अभ्यास हो । भ्रष्टाचार हुन नदिन नागरिक समाजले खबरदारी गर्नुपर्छ । हामीकहाँ स्थानीय सरकार सञ्चालन भएको पाँच वर्ष भए पनि अपेक्षाकृत सक्रिय हुन भने सकेको छैन । प्रदेश सरकारमा पनि यो समस्या छ । झन् प्रदेश सरकार त सबैभन्दा भ्रष्टाचारी भएको रिपोर्ट ट्रान्सपरेन्सी नेपालले प्रस्तुत गरेको थियो । प्रारम्भिक चरण भएकाले यो समस्या भएको हो, यो समाधान भएर जाला । हामीले ल्याएको सङ्घीयतालाई कसरी प्रभावकारीरूपमा अगाडि बढाउने त्यसमा सोच्न आवश्यक छ ।

स्थानीय सरकारमा अस्वस्थ राजनीतिक प्रतिस्पर्धाको अभ्यास छ । यसले स्थानीय तह सञ्चालकलाई दलीय आग्रहमा विभाजित गरिरहेको छ । यसले दक्षता र एजेन्डालाई ओझेलमा पारेको छ । राजनीतिक आग्रहका आधारमा पक्ष र विपक्ष भइरहेको छ । यसले भद्रगोल अवस्था सृजना भएको छ । विगतमा कर्मचारीले चलाउँदा र अहिले जनताका प्रतिनिधिले स्थानीय सरकार चलाउँदाको अनुभूति खासै फरक हुन सकेको छैन । स्थानीय सरकारको सेवा प्रवाह र योजनाबाट समाज अपेक्षितरूपमा सन्तुष्ट छैन । समाजमा विभिन्न तह छ । तह अनुसार मानिसका आकाङ्क्षा र आवश्यकता पनि फरक हुन्छ । स्थानीय सरकारले सबैको चाहना मिलाएर कसरी अघि बढ्ने ? यो मुख्य प्रश्न हो । आज पनि सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, सरसफाइ, विद्युत्‌जस्ता प्राथमिक आवश्यकता पूरा हुन सकेको छैन । ५० वर्ष अघिदेखि आधारभूत आवश्यकताको आपूर्तिमैं अलमलिएको अवस्था छ ।

अहिले स्थानीय तहको विकासमा अन्य तहसँग तुलना गरेर हेर्ने परिपाटी छ । आफ्नो आवश्यकता के हो ? त्यसको परिपूर्ति कसरी गर्ने भन्नेमा काम हुन सकेको छैन । आधारभूत आवश्यकतालाई एउटा तहसम्म पुऱ्याएर त्यसपछिको विकासमा केन्द्रित हुनुपर्छ । यसमा स्थानीय सरकार योजनाबद्ध तरीकाले अघि बढ्नुपर्छ । हामीकहाँ सबै खालका योजनामा हात हाल्ने र कार्यान्वयनमा आडम्बर प्रस्तुत गर्ने काम भएको पाइन्छ ।

स्थानीय तहलाई सङ्घीय र प्रदेश सरकारबाट सशर्त पैसा आउँछ । यसले स्थानीय आवश्यकतालाई सम्बोधन नगर्न पनि सक्छ । स्थानीय शासकले आफ्नो योजना र आर्थिक स्वायत्ततामा ध्यान दिनुपर्छ । यसका लागि आन्तरिक आयमा सुधार आवश्यक छ । आफ्नो आयस्तर बलियो भएमा शर्त अस्वीकार गर्ने क्षमता अभिवृद्धि हुन्छ । अहिले ठाउँठाउँमा भ्यू टावर, प्रवेशद्वार, सौन्दर्यीकरणको होडजस्तै देखिएको छ । अरूले दिएको सहयोग आफ्नो प्राथमिकतामा पर्दैन भने त्यसलाई अस्वीकार गर्ने वा आफ्नो शर्तमा सहमत बनाउन पहिले आफ्नो आर्थिक स्रोत बलियो हुनुपर्छ । स्रोत बढाउन व्यापार, उद्यम, रोजगार बढ्नुपर्छ । स्थानीयलाई कुनै न कुनै आय आर्जनको बाटोमा आबद्ध पार्नुपर्छ ।

आर्थिक सम्भाव्यतामा प्रत्येक स्थानीय तहका आआफ्नै विशेषता हुन्छ । जस्तो कि विराटनगर, वीरगंज र भैरहवा औद्योगिक र व्यापारिक शहरहरू हुन् भने यहाँ उद्योग र व्यापार आर्जनको माध्यम हो । पोखरा, काठमाडौं, जनकपुरजस्ता शहर पर्यटकीय महत्त्वका छन् । पर्यटन हामीकहाँ मूलरूपमा मनोरञ्जन र धार्मिक आस्था दुई प्रकारका छन् । पर्यटकलाई लोभ्याउन आकर्षक गन्तव्य बनाउनुपर्छ । धार्मिक आस्थाका आधारमा आउने पर्यटकका लागि आस्था जन्माउनुपर्छ । स्थानीय सरकारले आफ्नो विशेषता अनुसार आय आर्जनका क्षेत्र बनाउने र त्यसलाई दोहन गर्नुपर्छ । योजनन नबनाउने अनि पैसा आएन भनेर मात्र हुँदैन । अहिलेसम्म पनि स्थानीय सरकारमा यो क्षमता देखिएको छैन । आवश्यकता अनुसार सहयोग र ऋण लिने अधिकार स्थनीय सरकारमा हुनुपर्छ ।

स्थानीयको आवश्यकता र उपभोगलाई स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रमा राख्नुपर्छ । जस्तै सडक सङ्घीय सरकारको क्षेत्राधिकार भनिएको छ । स्थानीय सरकार अहिलेसम्म सङ्घ सरकारको सडक नपुगेको क्षेत्रमा मात्रै प्रवेश गरेको छ । सडक भनेको पारवहन हो । पारवहन आफैंमा आयको एउटा ठूलो स्रोत हो । पारवहनलाई गुणस्तरीय बनाउनुपर्छ । विद्युत् आपूर्ति सङ्घ सरकारको हो भनिन्छ । उपयुक्त तरीकाले सेवा आएको छैन भने स्थानीय सरकारले जिम्मा लिनुपर्छ । कुनै हुलदङ्गा भयो भने यो मेरो काम होइन भनेर तत्कालीन नियन्त्रणको दायित्वबाट स्थानीय सरकार पन्छिन मिल्दैन । स्थानीय सरकारले अधिकार क्षेत्रको नाममा लाचारी देखाउनु हुँदैन । कानूनीरूपमा मिलेको छैन भने त्यसलाई सुधार्नुपर्छ । यो मामिलामा स्थानीय सरकार उदासीन देखिएका छन् ।

आधारभूत आवश्यकता पनि समाजमा वर्गका आधारमा फरकफरक हुन सक्छ । जस्तो कि निम्न आर्थिक अवस्थाका बासिन्दा र निम्न मध्यम र मध्यम वर्गका आवश्यकतामा भिन्नता हुन्छ । पहिलो खानेपानीको आपूर्ति भए पुग्थ्यो । अहिले गुणस्तरीय पानी चाहिएको छ । स्तरीय स्वास्थ्य सेवाको खाँचो महसूस भइरहेको छ । शिक्षाको नाममा देशको पैसामात्र होइन, जनशक्ति पनि बाहिरिएको छ । यस्तोमा सेवा र पूर्वाधारका आधारमा स्थानीयको जीवनस्तर उठाउन आवश्यक छ । न्यूनतम आवश्यकता पूर्ति गरेर मात्र हुँदैन । आजको समयसापेक्ष सेवा र सुविधा दिन सक्नुपर्छ ।

कुनै पनि शहरमा सार्वजनिक यातायात सहज छैन । त्यसैले मोटरसाइकल र गाडी किन्ने अवस्था भयो । यसमा स्थानीय सरकारले सोचेको छ ? सडक, फूटपाथ व्यवस्थित छैनन् । सडक सडकजस्ता छैनन्, ट्र्याकमात्र बनेका छन् । सवारी सञ्चालन (चालक) रोजगारको ठूलो क्षेत्र हो । चालकको दक्षतामा ध्यान दिइएको छैन । नेपालले दिएको सवारी चालक अनुमतिपत्रलाई अरू देशले किन मान्यता दिंदैनन् ? यसमा स्थानीय सरकारले काम गर्नुपर्छ । अहिले वृद्ध र असहायलाई नगद र जिन्सी सामान बाँडिन्छ, यस्तो वितरणले प्राप्त गर्नेलाई आत्मसम्मान दिन सक्दैन । यसबाट उनीहरू आफ्नो दयनीय स्थितिको अनुभव गर्छन् । त्यही सहयोगलाई उनीहरूका लागि आय–आर्जनका उपायमा रूपान्तरण गर्न स्थानीय सरकारले किन काम गर्न सकेको छैन ?

स्थानीय सरकारले स्थानीय बासिन्दाको जीवनस्तर उकास्ने नीति लिनुपर्छ । उन्नत जीवनस्तरका लागि आपसी सौहार्दता चाहिन्छ । प्रदूषणमुक्त स्तरीय आवासलाई कानून नै बनाएर व्यवस्थित गर्नुपर्छ । शहरमा हाउजिङका घर पुराना जमानाका छन् । नयाँ शहरमा पनि कुनै मापदण्ड छैन । जहाँ जमीन खाली छ, त्यहाँ जे बनाए पनि भएको छ । हिजो जे भयो, अब त्यस्तो हुनुहुँदैन । अहिले गाउँ छोड्ने प्रवृत्ति बढेको छ । यस्तोमा ग्रामीण क्षेत्रलाई नै शहरमा रूपान्तरण गर्ने कि गाउँका बासिन्दालाई शहर ल्याउने ? यसमा हाम्रो नीति के हो भन्ने कुरामा स्पष्ट हुन आवश्यक छ ? शहरीकरणसँगै गरीब बस्ती, केही नराम्रा काम र वर्ग विभाजन हुन्छ । त्यस्तो नहोस् भन्नेतर्फ स्थानीय सरकारले रणनीतिक हिसाबमा काम गर्नुपर्छ । स्थानीय सरकार र त्यहाँका बासिन्दाका बीच पनि अधिकार र कर्तव्यको व्यवस्था हुनुपर्छ । नागरिकमा नैतिक मूल्य हुनुपर्छ । यसका लागि सबैभन्दा पहिले शासक आफैं नैतिकवान् हुन जरूरी हुन्छ ।

स्थानीय सरकारले आफ्नो क्षेत्रमा कस्तो व्यापार–व्यवसाय गर्न दिने वा नदिने भन्नेमा स्पष्ट नीति बनाउनुपर्छ । देह व्यापार, लागू औषध, जुवा, मानव बेचबिखन र मदिराजस्ता व्यापार गम्भीर पाप हुन् । यस्ता गतिविधिमा प्रतिबन्ध लगाउनुपर्छ । जस्तो कि, भारतको बिहारमा मदिरा बन्द गरियो । संयुक्त राज्य अमेरिकामा जोसुकैले बन्दुक राख्न सक्ने व्यवस्था छ । आज यसको दुरुपयोग बढेपछि प्रतिबन्ध लगाउने मत बलियो हुँदै गएको छ । सङ्घ र प्रदेश सरकारले आफ्नो क्षेत्रमा कस्तो व्यापार गर्न दिने नदिनेमा स्थानीय सरकारले आफ्नै दृष्टिकोण अनुसार नीति बनाउनुपर्छ । व्यापारमा निजी क्षेत्र र सरकारी क्षेत्रको सन्तुलन हुनुपर्छ । कतिपय कुरा निजी क्षेत्रले गर्न सक्दैन भने कतिमा सरकार सफल हुँदैन ।

स्थानीय सरकारका प्राथमिकतामा गुणात्मकसँगै परिमाणात्मक परिवर्तनको आवश्यकता छ । सरकारले दिने सेवा युगसापेक्ष प्रविधियुक्त हुनुपर्छ । पुरानै अलमलले सुधार सम्भव छैन । अब विकासको परम्परागत गति होइन, जनताको आकाङ्क्षाको सम्बोधन गर्नका लागि त फडको मार्ने क्षमता चाहिन्छ । यसका लागि शासकमा इमानदारीमात्र भएर पुग्दैन, दक्षता र प्राज्ञिक क्षमत्ता र दूरदृष्टि आवश्यक हुन्छ ।

हामीले मूलतः यी सबै साझा सरोकारका विषयमा छलफल, संवाद गरी सोही बमोजिम नीति तथा कार्यक्रम तर्जुमा गर्ने, दीर्घ योजना निर्माण गर्ने, बजेटको व्यवस्थापन र योजना सुनिश्चित गरी अघि बढ्न सके अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । असल कर्ममार्फत सबैतिर उत्साह, प्रेरणा, संस्कार, सम्मान, हार्दिकता, एकता र मेलमिलापको बिगुल फुक्ने सामर्थ्य आर्जन गर्ने प्रयत्न जारी राख्नु आजको अपरिहार्यता हो ।

त्यसैले तपाईं हामी चुनाव जित्ने मात्र महत्त्वाकाङ्क्षा र भोटको राजनीति सदाका लागि बन्द गरौं । आफ्नो असल कर्ममार्फत आफू, गाउँ र समाजलाई उदाहरणीय र प्रेरणादायी बनाउने लामो यात्रामा सरिक हुने कोशिश गरौं । दुनियाँ बदल्नुभन्दा पहिले हामी आफू बदलौं, आफ्नो ढङ्ग बदलौं, हाम्रा तमाम कमी कमजोरीहरू निराकरण गर्दै सक्षम र क्षमतावान् बनौं ।

समाज बदल्न सक्ने क्षमतावान्, अनुभवी, इमानदार, आर्थिकरूपमा सदैव पारदर्शी रहने र सबैले स्वीकार गर्ने नेतृत्व चयन गरौं । आजको प्रतिस्पर्धात्मक तथा परिवर्तनशील वातावरणमा हुर्किरहेका आम मानिसका आकाङ्क्षा सम्बोधन गर्नका निम्ति हरेक क्षेत्रमा आबद्ध, राजनीतिक व्यक्तित्व होस् या उद्यमी, व्यापारी, कर्मचारी वा अरू कुनै, हामी जो जहाँ भएपनि सफलता प्राप्त गर्न निम्न कुराहरूलाई सदैव आत्मसात् गरी अनुसरण गर्नु अपरिहार्य छ ।

# निर्वाचनमा पत्रकार आचारसंहिताको पालना गर्न आग्रह

काठमाडौं, १२ वैशाख/रासस

आसन्न स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिताको पालना गरी तटस्थ भूमिका निर्वाह गर्न आग्रह गरिएको छ । नेपाल पत्रकार महासङ्घले महासङ्घको सदस्यता प्राप्त गरेका कोही पनि निर्वाचनमा उम्मेदवार बन्न चाहेमा सदस्यता त्याग्न सबैलाई आह्वान गरेको छ । निर्वाचन आचारसंहिता, २०७८ को प्रतिकूल हुने काम नगर्नसमेत महासङ्घले आग्रह गरेको छ ।

“महासङ्घले सधैं साझा र तटस्थ भूमिका निर्वाह गरिरहेको सन्दर्भमा यसको गरिमा, साख र साझा चरित्र बचाउन हरेक सदस्यको भूमिका महत्त्वपूर्ण रहिआएको छ,” महासङ्घद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबूक म्यासेन्जर, ट्वीटर, युट्युब र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने विज्ञप्तिमा उल्लेख छ ।

सो व्यवस्थाको पालना गर्दै सत्यतथ्य, निष्पक्ष र तटस्थ सूचना सम्प्रेषण गर्ने पत्रकारको मूल दायित्वको हेक्का राख्न पनि महासङ्घले आग्रह गरेको छ । निर्वाचनका समयमा महासङ्घका सदस्यको भूमिकाको अनुगमन गरी यथार्थ विवरण सङ्कलन गर्न महासङ्घको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# स्थानीय तहको निर्वाचन : सामूहिक प्रदर्शनसँगै राजनीतिक उत्सव

–रमेश लम्साल

काठमाडौं, १२ वैशाख/रासस

"यो मेरो र मेरो पार्टीको मात्रै उम्मेदवारी होइन, हाम्रो हो । म भन्ने कुरा त्यागौं, हामी भन्ने कुरालाई आत्मसात् गरौं," कास्कीको पोखरा महानगरमा सत्तारूढ गठबन्धनका तर्फबाट उम्मेदवारी दर्ता गराएका धनराज आचार्यको भनाइ हो यो ।

नेपाली काङ्ग्रेसका नेता यज्ञबहादुर थापा र नेकपा (माओवादी केन्द्र)का नेता हितराज पाण्डेलाई दायाँबायाँ राखेर आचार्यले सामूहिकतामा विश्वास गर्न तथा म र मेरो भन्ने मान्यता त्याग्न आग्रह गरे । उनले महानगरका लागि दिइएको उम्मेदवारी सत्ता गठबन्धनको सामूहिक भावनाको उपज भएको बताए । आचार्य नेकपा (एकीकृत समाजवादी)को प्रस्तावमा गठबन्धनको साझा उम्मेदवार हुन् ।

यसबाट सत्ता गठबन्धनमा देखिएका केही तीतामीठा विषयलाई मिलाएर जानुपर्छ भन्ने मनोविज्ञान चित्रित भएको छ । गठबन्धनमा आबद्ध पाँच राजनीतिक दलले देशव्यापीरूपमा नै साझा उम्मेदवार तय गरेका छन् । केही स्थानमा कुरा मिल्न नसकेको भएपनि उम्मेदवारी फिर्ता लिने दिनसम्म सबै असन्तुष्टिलाई सम्बोधन गर्ने शीर्ष नेताहरूको भनाइ छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आजै बसेको सत्ता गठबन्धनको बैठकले पनि केन्द्रीय नीति अनुसार नै उम्मेदवारी दर्ता गराउन निर्देशन दिएको थियो । बैठकपछि सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धनको निर्णय अनुसार नै उम्मेदवारी दर्ता गराउन सबैलाई आग्रह गरिएको जानकारी दिएका थिए ।

निर्वाचन आयोगले आइतवार र सोमवारका लागि उम्मेदवारी मनोनयनका लागि छुट्याएको छ । संविधानसभाबाट संविधान जारी भएपछि हुन लागेको दोस्रो निर्वाचन आफैंमा महत्त्वपूर्ण र ऐतिहासिक पनि छ । विसं २०७४ मा तीन चरणमा स्थानीय तहको निर्वाचन गरिएको थियो । यही वैशाख ३० गते हुने निर्वाचन भने एकै चरणमा गर्ने तयारी आयोगले गरेको छ ।

प्रमुख राजनीतिक दलले उत्साहका साथ निर्वाचनमा सहभागिता जनाएका छन् । उम्मेदवारी दर्ताका क्रममा देखिएको स्थानीय भाषा, संस्कृति तथा प्रचारले पनि त्यही देखाएको छ । काठमाडौं उपत्यकामा उम्मेदवारी दर्ता गराउन पुगेका उम्मेदवारको स्वागतमा बजाइएका धिमे बाजा, स्थानीय संस्कृतिसँग जोडिएका भेषभूषासहितको प्रस्तुतिले पनि निर्वाचन लोकतन्त्रको सर्वोत्तम साधन हो भन्ने देखाएको छ । निर्वाचनले राजनीतिक दललाई मात्रै नभई, नागरिकलाई एक प्रकारको उत्साह पैदा गरिदिन्छ । यसपटक पनि त्यस्तै भएको छ ।

काठमाडौं महानगरमा गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता गराउन पुगेकी नेपाली काङ्ग्रेसकी उम्मेदवार सिर्जना सिंहको अघिपछि बजेको धिमे बाजा, पञ्चेबाजाले पनि नेपालीको विविधतालाई झल्काइदिएको छ । भरतपुरमा गठबन्धनको तर्फबाट नगरप्रमुखमा उम्मेदवारी दर्ता गराएकी रेणु दाहाल र उपप्रमुखका उम्मेदवार चित्रसेन अधिकारीको समर्थनमा पनि पञ्चेबाजासहितको नेपाली संस्कृति र सामूहिकताको प्रदर्शन भएको टिप्पणी गरिएको छ ।

देशभर छ महानगर, ११ उपमहानगरपालिकासहित ७५३ वटै



पोखरा मनपाका लागि नेपाली काङ्ग्रेससहितको पाँच दलीय गठबन्धनका प्रमुख पदका उम्मेदवार धनराज आचार्य मनोनयन पत्र दर्ता गर्न आउँदै । तस्वीरः रासस

स्थानीय तहमा आज उम्मेदवादी दर्ता गराउने अन्तिम दिन हो । गठबन्धनका तर्फबाट अधिकांश उम्मेदवारी दर्ता गराउन निर्वाचन कार्यालय जाँदा सामूहिकताको प्रदर्शन गरेको देखिन्छ । गठबन्धनमा आबद्ध सबै दलका झन्डा, तुल, ब्यानर पनि त्यस्तै प्रदर्शन गरिएको थियो । गठबन्धनका दलबीच देखिएका विवादका सम्बन्धमा नेकपा (माओवादी केन्द्र)का प्रवक्ता कृष्णबहादुर महराले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा लोकतन्त्रमा यस्तो विषयले सुन्दरता नै थप्ने टिप्पणी गरे ।

उनले गठबन्धनमा आबद्ध रहेका दलहरूबीच नै गठबन्धन र तालमेल गर्ने नीतिलाई पूर्णरूपमा कार्यान्वयन गर्न पार्टीका सबै समितिलाई निर्देशन दिइएकोसमेत जानकारी दिएका थिए । केही स्थानमा गठबन्धनको नीतिविपरीत गठबन्धन भएको भए त्यसलाई उम्मेदवारी फिर्ता हुने दिनसम्म फिर्ता गराउने नीति गठबन्धनको रहेको प्रवक्ता महराको भनाइ छ । "एउटा उद्देश्यका लागि गठन भएको गठबन्धनको मर्म र भावनाविपरीत जाने छुट कोही कसैलाई छैन । यसमा आबद्ध सबै दलको एउटै धारणा छ । त्यसलाई पूर्णरूपमा कार्यान्वयन गर्छौं," प्रवक्ता महराले भने । उनले देशभर ६० प्रतिशत स्थानमा गठबन्धन भएको जानकारी दिंदै बाँकी ४० प्रतिशत स्थानमा पनि मिलाइने विश्वास व्यक्त गरे ।

एउटै पार्टीमा त एउटाले टिकट पाउँदा अर्को रिसाउने र असन्तुष्टि व्यक्त गर्ने हुँदा गठबन्धनमा यस्तो देखिनु लोकतन्त्रको सुन्दर पक्ष रहेको भन्दै उनले असन्तुष्टिलाई उचित तरीकाले सम्बोधन गरिने उल्लेख गरे ।

**यस्तो छ निर्वाचनको इतिहास**

नेपालमा पहिलोपटक विसं २००४ मा संविधान जारी भएपछि गाउँ तथा नगरपञ्चायतको चुनाव भएको थियो । त्यसको सात वर्षपछि अर्थात् २०१० सालमा दोस्रोपटक र २०१४ सालमा तेस्रोपटक स्थानीय निकायको चुनाव भएको इतिहास छ । विसं २०१४ मा गाउँपञ्चायत र २०१८ मा नगरपञ्चायतको निर्वाचन भएको आयोगले जनाएको छ ।

विसं २०१० को निर्वाचनमा काठमाडौं–८ बाट साधना प्रधान जनप्रतिनिधि निर्वाचित भएकी थिइन् । प्रधान नै पहिलो निर्वाचित महिला जनप्रतिनिधिका रूपमा स्थापित हुन् ।

आयोगका अनुसार नगरपञ्चायत निर्वाचन २०१९ जेठदेखि विभिन्न मितिमा, जिल्लासभा र जिल्ला पञ्चायत निर्वाचन २०१९ सालदेखि विभिन्न मितिमा, अञ्चलसभा र अञ्चल पञ्चायत निर्वाचन २०२० सालदेखि विभिन्न मितिमा सम्पन्न भएका थिए ।

विसं २०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते गाउँपञ्चायत तथा नगरपञ्चायत, २०३९ असार २ गते जिल्ला पञ्चायत, २०४३ चैत ७ र १० गते गाउँपञ्चायत तथा नगरपञ्चायत एवं २०४४ वैशाख २६ गते जिल्ला पञ्चायतको चुनाव भएको थियो ।

प्रजातन्त्रको पुनर्स्थापनापछि स्थानीय निकायको निर्वाचन २०४९ जेठ १५ र १८ गते गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन भएको थियो । विसं २०४९ असार १३ गते जिल्ला विकास समिति निर्वाचन, २०५४ जेठ ४ र १३ गते गाउँपालिका र नगरपालिका निर्वाचन तथा २०५४ असार २७ गते जिल्ला विकास समितिको चुनाव भएको थियो । विसं २०६२ माघ २६ गते पनि नगरपालिका निर्वाचन गरिए पनि त्यसले राजनीतिकरूपमा वैधानिकता पाउन सकेन ।

संविधानसभाबाट संविधान बनेपछि २०७४ सालमा स्थानीय तहको निर्वाचन गरियो । विसं २०७४ को वैशाख ३१, असार १४ र असोज २ गते तीन चरणमा निर्वाचन गरिएको थियो । सो निर्वाचनमा ५७ राजनीतिक दलले भाग लिएका थिए जसमध्ये १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रहेको थियो । स्थानीय तहको निर्वाचनमा २३३ स्वतन्त्रसहित ३५ हजार ४१ जनप्रतिनिधिको निर्वाचित भएका थिए । त्यस निर्वाचनका लागि एक करोड ४० लाख ७४ हजार ४२४ मतदाता कायम भएकामा एक करोड चार लाख ८९ हजार २०४ ले मतदान गरेको आयोगको विवरणमा उल्लेख छ ।

मुलकमा हाल छ महानगरपालिका, १२ उपमहानगरपालिका, २७५ नगरपालिका र ४६० गाउँपालिका गरी कुल ७५३ स्थानीय तह र छ हजार ७४३ वडा छन् । यही वैशाख ३० गने हुन लागेको निर्वाचनमा कुल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन् । कुल मतदातामध्ये पुरुष ८९ लाख ९२ हजार १०, महिला ८७ लाख ४१ हजार ५३० र अन्य १८३ जना छन् । जनप्रतिनिधि चयन गर्ने सबैभन्दा उत्तम विकल्प मानिएको निर्वाचन आफैंमा राजनीतिक उत्सव र सामूहिक भावना अभिव्यक्त गर्ने महत्त्वपूर्ण चाडसमेत हो ।

# नेप्से परिसूचक उच्च अङ्कले घट्यो

काठमाडौं, १२ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार उच्च अङ्कले ओरालो लागेको छ । आइतवार उच्च अङ्कले उकालो लागेको नेप्से परिसूचक आज सोहीरूपमा ओरालो लागेको हो । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ३४.९५ अङ्कले ओरालो लागेर दुई हजार ३८६.०१ मा ओर्लेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ६.१९ अङ्कले ओरालो लागेर ४५४.६९ मा ओर्लेको छ । कुल २३९ कम्पनीको ५० लाख ४७ हजार ७६९ कित्ता शेयर रु दुई अर्ब चार करोड २२ लख ५३ हजार १८२ मूल्यमा खरीद–बिक्री भए । नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर उकालो लाग्दा ११ उपसमूहको शेयर भने ओरालो लागेको छ । होटल तथा पर्यटन ४.०४ र सामूहिक लगानी कोष ०.१३ अङ्कले उकालो लागेको छ । बैंकिङ १६.५, व्यापार ९.०९, विकास बैंक ८६.८७, जलविद्युत् ५१.९१, वित्त २६.६१, निर्जीवन बीमा १५०.०९, उत्पादन ५४.२५, अन्य ४२.४१, लघुवित्त ७६.८६, जीवन बीमा १९९.३१ र लगानी १.५८ अङ्कले ओरालो लागेको छ । सोमवारको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब ९४ अर्ब नौ करोड ५१ लाख ६७ हजार ६२ बराबर

(बाँकी अन्तिम पातामा)

# छपियो ८० प्रतिशत मतपत्र

काठमाडौं, १२ वैशाख/रासस

निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन–२०७९ का लागि हालसम्म ८० प्रतिशत मतपत्र छपाइ कार्य सम्पन्न गरेको छ । हालसम्म ६३ जिल्लाका लागि एक करोड ५४ लाख ८३ हजार मतपत्रको छपाइ कार्य सकिएको आयोगले जनाएको छ । बाँकी जिल्लाको मतपत्र छाप्ने क्रम जारी रहेको छ । निर्वाचनका लागि एक करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ । काठमाडौंसहित छवटा महानगरपालिकाका लागि आवश्यक पर्ने मतपत्र मनोनयन दर्ता कार्य सकिएपछि छपाइ गरिनेछ । ती तहका मतपत्रमा पनि पुरानै डिजाइन अनुसार हुनेछ ।

उम्मेदवारले निर्वाचन प्रचार गर्ने अवधिभन्दा १५ दिनअघि मतपत्र पुगिसक्नुपर्ने व्यवस्था, मुद्रण क्षमता र मुलुकको दूरदराजका पालिकामा सुरक्षितरूपमा ढुवानी गर्नुपर्ने भएकाले मनोनयन दर्ता सकिएपछि मतपत्र छपाइ गर्न सम्भव नहुने भएकाले आयोगले मनोनयन दर्ताअघि नै मतपत्र छपाइ कार्य गरेको हो । विभिन्न राजनीतिक दलका तर्फबाट आफूहरू गठबन्धनमा उम्मेदवारी दिने भएकाले उम्मेदवारी दिइएपछि उम्मेदवारीको सङ्ख्या र निर्वाचन चिह्नका आधारमा मतपत्र छाप्न गरिएको आग्रहमा आयोगले असमर्थता जनाएको छ ।

**निर्वाचन सामग्री जिल्ला जिल्लामा**

निर्वाचन आयोगले जिल्लामा निर्वाचन सामग्री पठाउने क्रम भने पूरा गरेको छ । आज दिउँसोसम्म पाल्पा र पर्वत गरी ७६ जिल्लामा सामग्री पठाइएको छ भने बाँकी रहेको अर्घाखाँची जिल्लाको सामग्री आजै पठाइनेछ । सामग्री पठाइएपछि वैशाख १३ गतेदेखि मतपत्र ढुवानी शुरू गर्ने तयारी गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

आयोगले यही वैशाख ८ गतेदेखि निर्वाचन सामग्री लोड गरेर पठाउन थालेको हो । उपसचिव कृष्णप्रसाद सापकोटाका अनुसार १० गतेसम्म पठाइएका सामग्री सम्बन्धित स्थानमा प्राप्त भएको जानकारी आएको छ भने ११ गते पठाइएका कतिपय ट्रकहरू पुग्ने क्रममा छन् ।

आयोगले कम मतदाता भएका र भौगोलिकरूपमा साना मानिने जिल्लामा एक र ठूला जिल्लामा दुई/दुई ट्रकमा सामान पठाएको छ । कान्तिपथस्थित आयोगबाट लगबूक भराएर छुट्ने ती हरेक ट्रकमा सामानको सूचीसहित आयोगका कर्मचारीसमेत सवार हुन्छन् । उनीहरूलाई मोबाइल–ट्र्याक गरी कुन ट्रक कतिबेला कहाँ पुग्यो वा बाटामा कुनै समस्या भए नभएको प्रविधिबाट




सूचित हुने प्रबन्ध गरिएको छ । ती सामानलाई आवश्यकता अनुसार सुरक्षा गस्ती पनि दिइएको हुन्छ र सम्बन्धित पालिकामा निर्वाचन अधिकृतले बुझेको विवरण आयोगलाई दिनुपर्छ ।

आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार २०७९ वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न निर्धारण गरिएकामा सो कार्य आज ५ बजेसम्म सम्पन्न भयो । वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने, वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ । यी सबै कार्यक्रम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा हुनेछन् ।

**आचारसंहिता पालनाका लागि ध्यानाकर्षण**

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित तथा पारदर्शी बनाउन आयोगले आह्वान गर्दै आएको छ । आचारसंहिताविपरीत हुनेगरी कुनै स्थानमा कुनै दलको झन्डा वा चिह्न राखिएको भए सम्बन्धित दलले तत्काल हटाउन, राजनीतिक दल वा उम्मेदवारबाट हुने कुनै पनि आमसभा, जुलुस, ऱ्याली, भेला, बैठक, घरदैलो, उम्मेदवारी दर्ता कार्यक्रम आदिमा र निर्वाचन अधिकृतको अनुमतिमा उम्मेदवारले प्रयोग गर्ने सवारीसाधनमा तीन फिट साइजको दलको एउटा झन्डा र एउटा चुनाव चिह्न तथा उम्मेदवारको पहिचान खुलेको ए–फोर साइजको एक रङ्गमा छापिएको विवरणबाहेक अन्य कुनै सामग्री प्रयोग नगर्न नगराउन स्मरण गराउँदै उम्मेदवारी दर्ता भएपछि यस्ता चिह्न भेटिएमा उम्मेदवारले राखेको ठानी आचारसंहिताको उल्लङ्घन भएको कसूरमा दलको उम्मेदवारलाई कारबाई हुने भएकोले सचेत रहन आयोगले सम्बन्धित सबैलाई पुनः ध्यानाकर्षण गराएको छ ।

जुलुस, आमसभा, ऱ्याली, बैठक आदिमा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले आचारसंहिताविपरीत हुनेगरी सम्बन्धित दलको निर्वाचन चिह्न वा झन्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाएमा वा झोला बोकेमा सम्बन्धित व्यक्ति नै कारबाईको भागीदार हुने भएको हुँदा यस्तो कार्यबाट सजग रहन आयोगले सबैमा अनुरोध गरेको छ ।

**२० हजार बढी निर्वाचन पर्यवेक्षक हुने**

निर्वाचन पर्यवेक्षणका लागि कुल ६८ वटा संस्थाले आयोगबाट अनुमति लिइसकेका छन् । ती संस्थाबाट करीब २० हजारभन्दा बढी पर्यवेक्षक खटिने गरी आयोगमा प्रस्ताव प्राप्त भएको छ । सो उपर आवश्यक जाँच गरी आयोगले पर्यवेक्षकहरूलाई पर्यवेक्षण गरिने मतदानस्थलसमेत तोकी परिचयपत्र जारी गर्नेछ । पर्यवेक्षण अनुमति प्राप्त सङ्घसंस्थाका प्रतिनिधिहरूका लागि आयोगले वैशाख १४ गते अभिमुखीकरण कार्यक्रम गर्दैछ ।

निर्वाचनसँग सम्बन्धित सूचनाहरू आम सञ्चारमाध्यम एवं सरोकारका लागि सहज पहुँचसहित सम्प्रेषण गर्ने उद्देश्यले आयोगका प्रवक्ता र सहप्रवक्ताका अतिरिक्त सहसचिव तुलसीबहादुर श्रेष्ठ र सहन्यायाधिवक्ता गुरु वाग्लेलाई तोकिएको छ ।




उम्मेदवारी दर्ता गर्न बाजागाजा तथा सात सहेलियाको नाच प्रदर्शन गर्दै । तस्वीरः प्रतीक

# माओवादीले किन बनाएन केन्द्रीय घोषणापत्र ?

–रमेश लम्साल

काठमाडौं, १२ वैशाख/रासस

स्थानीय तहको निर्वाचनको उम्मेदवार मनोनयनको दिनसम्म पनि नेकपा (माओवादी केन्द्र)ले किन घोषणापत्र सार्वजनिक गरेन भन्ने आम चासो र जिज्ञासा छ।

नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाललगायतले घोषणापत्र सार्वजनिक गरे। स्वतन्त्ररूपमा उम्मेदवारी दिने उम्मेदवारले पनि आआफ्ना घोषणापत्र सार्वजनिक गरे।

सत्ता गठबन्धनमा रहेको माओवादीले घोषणापत्र नबनाएको हो वा किन सार्वजनिक गरेन भनेर पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता कृष्णबहादुर महराले भने, "हामीले स्थानीयस्तरमा नै घोषणापत्र बनाएका छौं, स्थानीय तहमा नै ती सार्वजनिक भएका छन्।"

पार्टीका तर्फबाट घोषणापत्रका लागि ७५३ वटै स्थानीय तहलाई सामान्य रूपरेखा पठाइएको जानकारी दिंदै उनले भने, "हाम्रो ध्येय र प्रमुख नीति नै स्थानीय तहलाई बलियो बनाउने भन्ने रहेकाले केन्द्रले सामान्य निर्देशन मात्रै दिएको छ।"

माओवादीले 'गाउँगाउँमा सिंहदरबार र सिंहदरबारको अधिकार स्थानीय तहमा' भन्ने नारा नै अगाडि सारेको कारण केन्द्रबाट हस्तक्षेप गरेर घोषणापत्र सार्वजनिक गर्ने कुरा सैद्धान्तिकरूपमा अमिल्दो भएको बताएको छ।

सङ्घीयताको मर्म अनुसार सबै काम केन्द्रबाट नै गर्ने र लाद्ने भन्ने नभएको भन्दै प्रवक्ता महराले पूर्वको ताप्लेजुङले



तस्वीरः रासस

आफ्नो विशेषतामा घोषणापत्र बनाएको र पश्चिमको दार्चुलामा पनि सोही अनुसार भएको बताए।

माओवादीले 'व्यवस्था परिवर्तन गर्‍यौं, अब अवस्था परिवर्तन गरौं' भन्ने नारा देशभरका लागि एउटै तय गरेको उनको भनाइ छ। माओवादीले स्थानीय तहलाई घोषणापत्र बनाउन दिएको निर्देशिकामा 'समाजवाद उन्मुख समृद्धिः आर्थिक विकास र सामाजिक न्यायमा अभिवृद्धि'लाई प्रमुख प्राथमिकतामा राखेको छ।

त्यस्तै, 'एक पालिका, एक विशेष उत्पादन, एक वडा एक विशेष पहिचान' स्थापित गर्ने विषयलाई महत्त्व दिइएको छ। त्यस्तै, उद्यमशीलताको विकास–रोजगारको विस्तार, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता, निश्शुल्क र गुणस्तरीय विद्यालय शिक्षा र वन तथा जैविक विविधतालाई केन्द्रमा राखेर घोषणापत्र बनाउन भनेको छ। प्रवक्ता महराका अनुसार समृद्धिका लागि वन कार्यक्रम अगाडि बढाउन पनि निर्देश गरिएको छ।

माओवादीले सबै वडाका केन्द्रसम्म सबै मौसममा यातायात चल्न सक्ने सडकको निर्माण गर्ने, सबै वडामा विद्युतीकरणको व्यवस्था मिलाउने तथा सञ्चार सुविधाको विस्तार गर्ने विषयलाई केन्द्रमा राखेको छ।

नेपालको पानी जनताको लगानीको नारालाई जनस्तरसम्म कार्यक्रम बनाइ लागू गर्ने तथा एलपी ग्याँसको आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय सरकारद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो निश्शुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने गरी स्थानीयस्तरमा नै घोषणापत्र बनाउन भनिएको छ।

उनले गठबन्धनमा आबद्ध रहेका दलबीच नै गठबन्धन र तालमेल गर्ने नीतिलाई पूर्णरूपमा कार्यान्वयन गर्न पार्टीका सबै समितिलाई निर्देशन दिइएको बताए। केही स्थानमा गठबन्धनको नीतिविपरीत गठबन्धन भएको भए त्यसलाई उम्मेदवारी फिर्ता हुने दिनसम्म फिर्ता गराउने नीति गठबन्धनको रहेकोसमेत प्रवक्ता महराको भनाइ छ।

"एउटा उद्देश्यका लागि गठन भएको गठबन्धनको मर्म र भावनाविपरीत जाने छुट कोही कसैलाई छैन, यसमा आबद्ध सबै दलको एउटै धारणा छ, त्यसलाई पूर्णरूपमा कार्यान्वयन गर्छौं," प्रवक्ता महराले भने। उनले देशभर ६० प्रतिशत स्थानमा गठबन्धन भएको जानकारी दिंदै बाँकी ४० प्रतिशत स्थानमा पनि मिलाइने विश्वास व्यक्त गरे।

एउटै पार्टीमा त एउटाले टिकट पाउँदा अर्को रिसाउने र असन्तुष्टि व्यक्त गर्ने हुँदा गठबन्धनमा यस्तो देखिनु लोकतन्त्रको सुन्दर पक्ष रहेको भन्दै उनले असन्तुष्टिलाई उचित तरीकाले सम्बोधन गरिने बताए।

गठबन्धनका आधारमा अगाडि बढ्दा कोही कसैले कसैलाई पेलेको वा बढी लिएको भन्ने अर्थमा लिन नहुने उनको भनाइ छ। "सबै दलको आफ्नो हैसियत र क्षमता अनुसार नै निर्णय भएको छ। कतै काङ्ग्रेसबाहेकका गठबन्धनमा अरू दल मिलेका छन्, कहीं हाम्रो पार्टी र अन्य दल मिलेका छन्, तर समग्रमा गठबन्धन भएको छ," प्रवक्ता महराले भने। केही साना पार्टीले पनि आफ्नो पार्टीलाई सहयोग गर्ने वचन दिएको उनले जानकारी दिए।

# खेतबारी बाँझै, ११ अर्ब रुपैयाँको फलफूल आयात

काठमाडौं, १२ वैशाख/रासस

जनजीविका, रोजगार र आर्थिक एवं सामाजिक रूपान्तरणको प्रमुख आधारका रूपमा रहेको कृषि मुलुकको अर्थतन्त्रको एक प्रमुख क्षेत्र रहँदै आएको भएपनि उच्च मात्रामा आयात भएको पाइएको छ। विद्यालयमा पढाउँदा होस् या सामान्य कुराकानीमा पनि 'नेपाल कृषिप्रधान देश हो'का रूपमा संज्ञा दिइन्छ।

नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)मा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी रहेको तथा दुई तिहाइभन्दा बढी जनता कृषिमा आश्रित रहेको तथ्याङ्क समय–समयमा सार्वजनिक भएकै छन्। आर्थिक सर्वेक्षण २०७७/७८ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव ८ रहने अनुमान गरिएको थियो भने चालू आवमा कृषि क्षेत्रको जिडिपीमा योगदान २७ प्रतिशत बराबर रहेको राष्ट्रिय तथ्याङ्क विभागको विवरणले देखाएको छ।

विभागका अनुसार नौ महीनाको अवधिमा प्रमुख फलफूल मात्रै रु ११ अर्ब ७० करोड ८९ लाख २६ हजार बराबरको आयात भएको देखिन्छ। मुलुकको आर्थिक क्षेत्रमा कृषिको योगदान उल्लेख्य रहे पनि अझै कुल कृषियोग्य जमीनमध्ये धेरै बाँझो छ। यस्ता कृषियोग्य भूभागको थोरै मात्रको सही र व्यवस्थित उपयोग गर्न सके कृषिजन्य उपभोग्य वस्तुमा आत्मनिर्भर हुने अवस्था ल्याउन सकिन्छ। यस्ता उपभोग्य वस्तु आयात गरी अर्बौं रकम विदेशिनबाट जोगिन सक्ने देखिन्छ।

निर्वाहमुखी खेतीका कारण उल्लेख्य मात्रामा कृषिउपज उत्पादन हुन नसक्दा विप्रेषणबाट आयात भएको ठूलो धनराशि विदेशिएको छ। पहाडका अधिकांश भूभाग बाँझो छ। नेपालको कुल खेतीयोग्य जमीनमध्ये सात प्रतिशत बराबर जमीन बाँझो छ। झन्डै रु ६० अर्ब बराबरको खाद्यान्न आयात भएको छ। त्यस्तै, १८ लाख किलो सुर्ती तथा सुर्तीजन्य पदार्थ आयात भएको छ।

यसले देशभित्र केही पनि उत्पादन हुँदैन भन्ने सन्देश गएको छ। दैनिक दुई हजारको सङ्ख्यामा नेपाली युवा रोजगारको खोजीमा विदेशिने गरेका छन्। अनौपचारिक तथ्याङ्क अनुसार झन्डै ४० लाख युवा विदेशमा छन्।

विप्रेषणबाट आयात भएको ठूलो धनराशि उपभोग्य वस्तुमा खर्च हुँदा त्यसले औद्योगिक वातावरणसमेत बनाउन सकेको छैन। नेपाल राष्ट्र बैंकका अनुसार विप्रेषणबाट आप्रवाह भएको रकमको झन्डै ७५ प्रतिशत बराबर हिस्सा उपभोग्य वस्तु खरीदमा खर्च भएको छ। विप्रेषणलाई आर्थिक समृद्धिमा नलगाउँदासम्म त्यसले दीर्घकालीन र रणनीतिक प्रभाव पार्न नसक्ने विभिन्न अध्ययनले देखाएको छ।

भन्सार विभागले चालू आवको पहिलो नौ महीनाको आयात र निर्यातको अवस्थाबारेमा सार्वजनिक गरेको विवरण अनुसार मुलुकले उपभोग्य वस्तुको आयातबाट अर्बौं रकम बाहिर पठाएको देखिन्छ भने नेपालमैं उत्पादन गर्न सकिने कृषि उपजसमेत अत्यधिक आयात भइरहेका छन्। धान, मकै, कोदो जस्ता प्रमुख खाद्यबालीका साथै फलफूल आयातमा अर्बौं मुद्रा मुलुक बाहिर गएको देखिन्छ।

चालू आवको पहिलो नौ महीनाका अवधिमा देशमा ११ अर्बभन्दा बढी रकमका ताजा तथा सुकेका फलफूल आयात भएको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

**पाँच अर्ब ५६ करोडको स्याउ आयात**

विभागका अनुसार चालू आवको चैत मसान्तसम्म रु पाँच अर्ब ५६ करोड १३ लाख ५३ हजार मूल्य बराबरको छ करोड ९४ लाख ११ हजार ९४३ किलो स्याउ आयात भएको छ। त्यसबाट सरकारले रु ५३ करोड २३ लाख ३७ हजार बराबरको राजस्वसमेत सङ्कलन गरेको छ। स्याउ सबैभन्दा बढी चीनबाट भित्रिएको तथ्याङ्कमा देखिन्छ। चीनबाट मात्र चार अर्ब ४० करोड ३४ लाख ७७ हजार मूल्य बराबरको स्याउ आयात भएको छ। त्यस्तै, भारतबाट एक अर्ब १५ करोड ५० लाख ८९ हजार, टर्कीबाट रु २६ लाख २५ हजार र गिनी बिसाउबाट एक लाख ६१ हजार बराबरको स्याउ आयात भएको विवरण छ।

**एक अर्ब बढीको अङ्गुर आयात**

चालू आवको चैत मसान्तसम्म एक अर्ब ६४ करोड ६५ लाख २४ हजारका दुई करोड ४० लाख आठ हजार ९५७ किलो ताजा अङ्गुर आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु आठ करोड ३४ लाख ६२ हजार राजस्व सङ्कलन गरेको जनाइएको छ।

**केरा आयातबाट एक अर्ब ३१ करोड बाहिरियो**

नेपालीले नौ महीनाको अवधिमा रु एक अर्ब ३१ करोड १८ लाख एक हजार बराबरको केरा आयात गरेको छ। चालू आवको चैत मसान्तसम्म कुल चार करोड ६१ लाख ७७ हजार ४५८ किलो केरा आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु १३ करोड ६९ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ।

विभागको विवरण अनुसार सुन्तलाको आयात पनि उस्तै छ। नौ महीनाको अवधिमा मात्रै रु एक अर्ब २० करोड ८८ लाख ६१ हजार बराबरको दुई करोड २२ लाख ५३ हजार ९९१ किलो सुन्तला आयात भएको छ।

त्यस्तै, चैत मसान्तसम्म ९७ लाख ८८ हजार ७६३ किलो अनार आयात भएको छ। त्यसका लागि रु एक अर्ब एक करोड ८४ लाख ७६ हजार रकम बाहिरिएको छ।

चालू आवको नौ महीनामा ४७ लाख १६ हजार ८६० किलो मेवा आयात भएको देखिन्छ। मेवाको आयात मूल्य मात्रै रु १६ करोड ५२ लाख २६ हजार बराबर छ। नास्पाती १९ लाख ६६ हजार १९ किलो रु १३ करोड ५० लाख ६७ हजार बराबरको आयात भएको छ। भुँइकटहर २३ लाख ६४ हजार ६६६ किलो रु १० करोड ६० लाख ९१ हजारको आयात भएको छ।

व्यावसायिकरूपमा खेती गर्न सकिने किबी एक लाख ९६ हजार ७२ किलो आयात भएको छ। त्यसको आयात मूल्य रु चार करोड ६३ लाख ७३ हजार आयात मूल्य देखिन्छ। एक लाख ५६ हजार ४५९ किलो एभोकाडो रु चार करोड ३८ लाख ३६ हजार बराबरको आयात भएको छ।


जिल्ला समन्वय समिति, पर्सास्थित निर्वाचन कार्यालयमा सुरक्षा दिँदै सुरक्षाकर्मीहरू। तस्वीरः प्रतीक

## फरक समाचार

# पाँच प्रकारको हुन्छ औलो ज्वरो

आज विश्व मलेरिया दिवस हो। औलो (मलेरिया) ज्वरो लामखुट्टेको टोकाइबाट हुने एक प्रकारको सङ्क्रामक रोग हो। यो रोग पोथी एनोफिलिज लामखुट्टेको टोकाइबाट सर्छ। पोथी लामखुट्टेमा एउटा विशेष प्रकारको जीवाणु



पाइन्छ। जसलाई चिकित्सकीय भाषामा प्लाज्मोडियम नाम भनिन्छ।

मलेरिया फैलाउने यस पोथी लामखुट्टेमा जीवाणुको पाँच जाति हुन्छ। मलेरिया भएपछि रोगीलाई प्रायः जाडो लाग्छ। यसमा तीव्र ज्वरो हुन्छ। रोगीलाई धेरै पसिना आउँछ। यसको अलावा टाउको दुखाइ, मन बेचैन हुनु, बान्ता हुनु, पेट दुखाइ, डायरिया, एनिमिया र मांसपेशी दुख्छ। मलेरियाका केही रोगीको शरीरमा ऐंठन, कोमा वा मलबाट रगत आउने समस्या पनि देखिन्छ। यस खतरनाक सङ्क्रमणप्रति मान्छेलाई जागरुक गर्न हरेक वर्ष २५ अप्रिलमा विश्व मलेरिया दिवस मनाइने गरिन्छ।

मलेरियाको लक्षण सङ्क्रमित लामखुट्टेले टोकेको सात दिनपछि विकसित हुन सक्छ। साधारणतया तपाईंलाई कुन परजीवीले टोकेको हो त्यसको आधारमा सङ्क्रमण भएको लक्षण शुरू हुनेबीचको समय सातदेखि १८ दिन हुन्छ। केही प्रकारको मलेरियामा ज्वरोको २४ घण्टाको चक्र हुन्छ। यी चक्रको दौरान कम्पन हुनुका साथै चीसो लाग्छ। त्यसपछि पसिना र थकानको साथ ज्वरो लाग्छ। यो लक्षण साधारणतया ६ दिनदेखि १२ घण्टासम्म रहन्छ।

मलेरियाको परजीवीको मुख्य पाँच हुन्छः

**प्लास्मोडियम फैल्सीपैरमः** यो मुख्यरूपले अफ्रिकामा पाइन्छ। यस रोगबाट पीडित व्यक्तिको सुद्धि हराउँछ। ऊ बेसुद्धिमा बर्बराइरहन्छ। रोगीलाई निकै जाडो लागेपछि टाउको दुख्छ। लगातार बान्ता भएपछि बिरामीको मृत्यु पनि हुन सक्छ।

**प्लाज्मोडियम भिभैक्सः** यो मुख्यरूपले एशिया र दक्षिण अफ्रिकामा पाइन्छ। बढीजसो मान्छे यस प्रकारका मलेरिया ज्वरोबाट पीडित हुन्छन्। भिभैक्स परजीवी बढीजसो दिनको समयमा टोक्छ। यो लामखुट्टे बिनाइन टर्शियन मलेरिया उत्पन्न गर्छ जसले हरेक तेस्रो दिन अर्थात् ४८ घण्टापछि आफ्नो असर देखाउन शुरू गर्छ। यस रोगबाट पीडित व्यक्तिको कमर दुख्ने, टाउको, हात, खुट्टा दुख्ने, भोक नलाग्ने र कडा ज्वरो लाग्ने गर्छ।

**प्लाज्मोडियम ओभेल मलेरियाः** यो परजीवी निकै असामान्य हुन्छ र साधारणतया पश्चिम अफ्रिकामा पाइन्छ। यो मलेरिया लक्षणहरूको उत्पादनविना कैयौं वर्षसम्म तपाईंको कलेजोमा रहन सक्छ।

**प्लास्मोडियम मलेरियाः** प्लास्मोडियम मलेरिया एक प्रकारको प्रोटोजोआ हो, जुन बेनाइन मलेरियाको लागि जिम्मेवार हुन्छ। यद्यपि यो मलेरिया त्यति खतरनाक हुँदैन जति प्लास्मोडियम फैल्सीपैरम वा प्लास्मोडियम भिभैक्स हुन्छ। यस रोगमा क्वार्टन मलेरिया उत्पन्न हुन्छ, जसमा रोगीलाई हरेक चौथो दिन ज्वरो लाग्छ। यसको अलावा रोगीको मूत्रबाट प्रोटिन निस्किन्छ। जसले गर्दा शरीरमा प्रोटिनको कम भएर शरीर सुन्निन्छ। यो परजीवी निकै दुर्लभ र साधारणतया केवल अफ्रिकामा मात्र पाइन्छ।

**प्लास्मोडियम नोलेसीः** यो दक्षिण–पूर्व एशियामा पाइने एउटा प्राइमेट मलेरिया परजीवी हो। यस मलेरियाबाट पीडित रोगीलाई चीसो लाग्नुको साथै ज्वरो पनि आउँछ। यसबाट पीडितले टाउको दुख्ने, भोक नलाग्नेजस्ता समस्या झेल्नुपर्छ।

**मलेरिया कसरी फैलिन्छः** यदि तपाईं मलेरियाबाट सङ्क्रमित हुनुहुन्छ र तपाईंलाई एनोफेलिज लामखुट्टेले टोकेपछि मलेरियाको परजीवी त्यस लामखुट्टेमा पस्छ। यदि त्यस लामखुट्टेले मलेरियाबाट पीडित व्यक्तिलाई टोकेपछि तुरून्त कसैलाई टोक्छ भने त्यो मलेरिया परजीवीको सञ्चरण उसको शरीरमा हुन्छ। जब मलेरिया परजीवी उसको कलेजोमा पस्छ गर्छ त्यसपछि एक वर्षसम्म उसको कलेजोमा त्यो परजीवी बस्न सक्छ। जब परजीवी परिपक्व हुन्छ तब कलेजोलाई छोडेर रातो रक्त कोशिकालाई सङ्क्रमित गर्छ। यो त्यति बेला हुन्छ जब साधारणतया मान्छेमा मलेरियाको लक्षण विकसित हुन्छ। त्यसपछि कुनै लामखुट्टेले सङ्क्रमित व्यक्तिलाई टोक्छ भने लामखुट्टेमा मलेरियाको परजीवी पस्छ र लामखुट्टेलाई सङ्क्रमित गर्छ। सङ्क्रमित लामखुट्टेले नै अन्य व्यक्तिलाई मलेरिया सार्छ। किनभने मलेरियाको परजीवी रातो रक्त कोशिकालाई प्रभावित गर्छ यसैले मान्छे सङ्क्रमित रगतको सम्पर्कमा आएर मलेरियाबाट पीडित हुन सक्छ जस्तैः आमाबाट जन्मेको बच्चालाई मलेरिया हुन सक्छ, सङ्क्रमित रक्तदान गर्दा मलेरिया हुन सक्छ। सङ्क्रमितलाई दिइएको इन्जेक्शनबाट अन्य व्यक्तिलाई मलेरिया सर्न सक्छ।

मलेरिया भएपछि सदैव पौष्टिक आहार सेवन गर्नुपर्छ। किनभने यस क्रममा शरीरलाई क्यालोरी र पोषण आवश्यक हुन्छ। खानपानमा उच्च कार्बोहाइड्रेटयुक्त आहार सामेल गर्नुपर्छ।

मलेरिया भएपछि चीसो पानी पिउनुहुँदैन साथै चीसो पानीले नुहाउनुहुँदैन। रोगीले आँप, अनार, लिची, अनारस, सुन्तला सेवन गर्नुहुँदैन। दही, गाजर, मूलाजस्ता चीसो वस्तु सेवन गर्नुहुँदैन। मसाला, अम्ल रसबाट बनेको खाद्य पदार्थ सेवन गर्नुहुँदैन।

मलेरिया भएपछि भात खान सकिन्छ किनभने भात सजिलै पच्छ र चाँडै ऊर्जा जारी गर्छ। मलेरिया भएपछि बढीभन्दा बढी तरल पदार्थ सेवन गर्नुपर्छ। मलेरिया भएका रोगीलाई भोक महसूस हुन्छ यस्तो स्थितिमा ग्लुकोज पानी, ताजा फल, नरिवलको पानी, चिनी पानीको शरबत खानुपर्छ।

तुलसीको पातसँगै मरिचलाई पानीमा उमालेर छानेर सेवन गर्न सकिन्छ। कागती काटेर त्यसमा मरिचको धूलो र बिरेनून राखेर चुस्नुपर्छ। यस्तो गर्दा ज्वरोको कारणले बिग्रिएको मुखको स्वाद सही हुन्छ। जाउलो, खिंचडी, दलिया, साबुदाना खान सकिन्छ। पीपलको चूर्ण महसँग मिसाएर सेवन गर्दा मलेरियाको ज्वरोमा लाभ हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## फ्रान्सका राष्ट्रपति म्याक्रों फेरि निर्वाचित



फ्रान्सका राष्ट्रपति एम्यानुएल म्याक्रों । तस्वीरः एजेन्सी

पेरिस, १२ वैशाख/एएफपी

फ्रान्सका राष्ट्रपति एम्यानुएल म्याक्रों राष्ट्रपतिमा फेरि निर्वाचित भएका छन्। प्रमुख प्रतिस्पर्धी मारिन ले पेनलाई पराजित गर्दै उनले आफ्नो कार्यकाल फेरि दोहऱ्याएका छन्।

उनले झन्डै ५८.६ प्रतिशत मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ। पहिलो चरणमा निर्णायक हुन नसकेपछि दोस्रो चरण पनि मतदान गराउनुपरेको थियो।

दोस्रो चरणमा उनका प्रतिस्पर्धी पेनले ४१.४ प्रतिशत मत पाएकी थिइन्। यस अघि सन् २०१७ मा भएको निर्वाचनमा भने राष्ट्रपति म्याक्रोंले ६६.१ प्रतिशत मत ल्याउँदा प्रतिस्पर्धीले ३३.९ प्रतिशत मत पाएका थिए। राष्ट्रपति म्याक्रोंले कतिपयले आफूलाई मतदान नगरेपनि आफू उनीहरूको समेत राष्ट्रपति भएको उल्लेख गरेका छन्। उनको विजयले युरोपेली नेताहरूलाई भने राहत भएको मानिएको छ।

उनलाई युरोपेली मुलकका राष्ट्र प्रमुखहरूले फेरि निर्वाचित भएकोमा बधाई दिएका छन्। बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले पनि म्याक्रोंलाई बधाई दिएका छन्। फ्रान्सको राष्ट्रपतीय निर्वाचनमा करीब ७२ प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ। त्यो सङ्ख्या सन् १९६९ यताको सबैभन्दा कम मतदान हो। रासस

## सुडानमा भएको जातीय दङ्गामा १५ जनाको मृत्यु



सुडानस्थित संयुक्त राष्ट्रसङ्घको शरणार्थी शिविर । तस्वीरः एएफपी

खार्तुम, १२ वैशाख/सिन्हवा

सुडानमा भएको जातीय दङ्गामा कम्तीमा १५ जनाको ज्यान गएको बताइएको छ। सुडानको दक्षिणी डार्फर राज्य किर्निकमा आइतवार यस्तो भिडन्त भएको थियो। यहाँ दुई जातिबीच हिंसात्मक झडप भएको थियो। अधिकारीहरूले त्यसमा परेर कम्तीमा १५ जनाको ज्यान गएको बताएका छन्।

तर सरकारले भने यो समाचारको पुष्टि गरेको छैन। यहाँका प्रत्यक्षदर्शी तथा स्थानीय गाउँलेहरूले दिएको जानकारी अनुसार आइतवार यहाँ आपसी भिडन्तका क्रममा १५ जनाको ज्यान गएको छ र अरू दर्जनौं घाइते भएका छन्।

झडप शुक्रवार शुरू भएको उनीहरूको भनाइ छ। शुक्रवारदेखि दुई जातिका हतियारधारीबीच भिडन्त शुरू भएको र यस क्रममा दर्जनौं नागरिक घाइते हुनुका साथै सयौं घरमा आगजनी पनि गरिएको छ।

स्थानीयले सयभन्दा बढी घरमा हतियारधारीहरूले आगो लगाएको जनाएका छन्। सो राज्यमा पछिल्लो समय विभिन्न जातिबीच भिडन्त हुने गरेको छ।

सो भिडन्तमा परेर सयौं नागरिकको ज्यान जानुका साथै दशौं हजार विस्थापित पनि भएका छन्। रासस

## युक्रेन र टर्कीका राष्ट्रपतिबीच फोनवार्ता

इस्तानबुल, १२ वैशाख/सिन्हवा

टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगान र युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलिन्स्कीबीच फोन वार्ता भएको छ। उनीहरूबीच हाल युक्रेनमा जारी रूसी आक्रमणबारे कुराकानी भएको टर्कीको विदेश मन्त्रालयले जनाएको छ।

उनीहरूबीच आइतवार अबेर सो फोनवार्ता भएको थियो। खासमा युक्रेन सङ्कटबारे उनीहरूबीच कुराकानी केन्द्रित भएको बताइएको छ। युक्रेनको मारिउपोलमा पछिल्ला केही दिनयता रूसले जारी राखेको आक्रमणका कारण ठूलो क्षति पुगेको छ र यहाँका नागरिकलाई उद्धार गर्नुपर्ने अवस्था रहेको छ।

यस विषयमा दुई देशका राष्ट्रपतिबीच कुराकानी भएको बताइएको छ। सो मन्त्रालयले दिएको जानकारी अनुसार सोमवार नै टर्कीका राष्ट्रपति एर्दोगानसँग संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटेर्रेसले पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। गुटेर्रेस सोमवार टर्कीको राजधानी अंकारा पुग्दैछन्। महासचिव गुटेर्रेसले युक्रेनमा जारी आक्रमणका विषयमा कुराकानी गर्ने बताइएको छ।

युक्रेनमा युद्धविरामका लागि टर्कीले पहल गर्दै आएको छ। टर्कीकै पहलमा यस अघि पनि रूस र युक्रेनबीच पटकपटक वार्ता पनि भएको छ। रासस

## भारतमा दुई हजार पाँच सयभन्दा बढी नयाँ सङ्क्रमित, ३० को मृत्यु

नयाँ दिल्ली, १२ वैशाख/एएनआई

भारतमा कोरोना भाइरसबाट थप दुई हजार ५४१ जना सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले सोमवार दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा थप ३० जनाको मृत्यु भएको छ।

अघिल्लो दिन भने दुई हजार ५९३ जना सङ्क्रमित भएका थिए। भारतमा अहिलेसम्म चार करोड ३० लाख ६० हजार ८६ जना सङ्क्रमित भएका छन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयले भारतमा १६ हजार ५२२ जना सङ्क्रमित अवस्थामैं रहेको जनाएको छ। नयाँ सङ्क्रमितमध्ये १०८३ जना दिल्ली प्रदेशका मात्रै छन्। यो सङ्ख्या नयाँ सङ्क्रमितको ५७.३७ प्रतिशत हो। रासस


**दाइजोप्रथा गैरकानूनी हो, यसको अन्त्य गरौं।**

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मनोरञ्जन | वृष | कर्मप्राप्ति |
| मिथुन | ईश्वरभक्ति | कर्कट | रोगभय |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुभय |
| तुला | खिन्नता | वृश्चिक | भयचिन्ता |
| धनु | राज्यलाभ | मकर | कान्तिक्षय |
| कुम्भ | भाग्योदय | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## टिकट नपाएपछि महतोद्वारा एमाले पार्टी परित्यागको घोषणा





हरिनारायण महतो, राजु खड्का र विष्णु लामा । तस्वीरः सौजन्य

प्रस, बर्दिबास, १२ वैशाख/

धनुषाको मिथिला नगरपालिकाका निवर्तमान नगरप्रमुख हरिनारायण महतोले नेकपा एमाले परित्याग गरेको घोषणा गरेका छन्।

केन्द्रीय सदस्य एवं धनुषाको सहइन्चार्जसमेत रहेका महतोले आजैको मितिबाट साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्यागको घोषणा गरे। सोमवार नगरप्रमुख पदमा स्वतन्त्र मनोनयन दर्ता गरेपछि उनले एमालेले जनभावनाविपरीत जग्गा व्यापारीलाई टिकट दिएपछि स्वतन्त्र उम्मेदवारी दिएको बताए।

यसअघि एमालेबाट नगरप्रमुख बनेका महतोले यसपटक पार्टीले टिकट खोसेपछि पुनः नगरप्रमुख पदमा स्वतन्त्ररूपमा मनोनयन दर्ता गराएका हुन्।

**बर्दिवास र गौशालाको प्रमुखमा माओवादीबाट खड्का र लामाको उम्मेदवारी**

बर्दिबास नगरपालिकामा माओवादी केन्द्रका जिल्ला इन्चार्ज राजु खड्का र गौशाला नगरपालिकामा विष्णु लामाले उम्मेदवारी दर्ता गराएका छन्।

बर्दिबासमा माओवादी केन्द्रबाट राजु खड्का, प्रकाश पोखरेल, विदुर कार्की, राजन ढुङ्गाना, शङ्कर महतो, रुद्र सुस्लिङले दाबी गरेका थिए भने गौशालामा विष्णु लामा, विजय साह, शिवनाथ महतोले दाबी गरेका थिए।

## चकलेट टिप्न जाँदा बालिकाको मृत्यु

मलङ्गवा, १२ वैशाख/रासस

बिहेमा लुटाइएको चकलेट टिप्न जाँदा सर्लाहीको बसबरिया गाउँपालिकामा एक बालिकाको मृत्यु भएको छ। सर्लाहीको बसबरिया गापा–४ धनगढामा आज चकलेट टिप्न जाँदा डिजेसहितको रथले किचिएर गोडैता नगरपालिका–१० सिसौटिया निवासी प्रेम पण्डितका करीब सात वर्षीया छोरी लक्ष्मी पण्डितको घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

बसबरिया गापाको धनगढा निवासी भागीरथ राय कुर्मीका छोरा विकेश राउतको बिहेमा आज साँझ लुटाइएको चकलेट टिप्ने क्रममा बालिकाको रथले किचिएर मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए। मृतक बालिका धनगढास्थित आफ्नो मामाघर आएको बेलामा दुर्घटनामा परेको हो। डिजे रथ प्रहरीले नियन्त्रणमा लिएको छ भने चालक फरार भएको छ।

## प्रमुख पदमा सरसफाइकर्मीको उम्मेदवारी

## नेका सभापति त्यागेर स्वतन्त्रबाट मनोनयन

प्रस, जनकपुर, १२ वैशाख/

असहाय संरक्षण मञ्च नेपालका अध्यक्ष बैधनाथ साहले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुखको लागि उम्मेदवारी दर्ता गराएका छन्।

सोमवार साहले जनकपुरधाम उपमहानगरपालिकामा उम्मेदवारी दिएका हुन्। १५ वर्षदेखि नगरमा सरसफाइको काम गर्दै आएका उनले जनकपुरधामलाई पर्यटकीयस्थल बनाउने योजनाका साथ उम्मेदवारी दिएको बताइन्छ।

यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका काङ्ग्रेस सभापति पदबाट राजीनामा दिएर मनोज साहले नगरप्रमुखमा उम्मेदवारी दिएका छन्। नेकाले टिकट नदिएपछि असन्तुष्ट भएर उनले स्वतन्त्रतर्फबाट जनकपुरको प्रमुख पदको लागि उम्मेदवारी दिएको बताए।

यसैगरी, जनता समाजवादी पार्टीबाट लालकिशोर साहले जनकपुरधामको प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका छन्।

सत्ता गठबन्धनमा जसपाको भागमा नगरप्रमुख परेपछि जसपाले निवर्तमान नगरप्रमुख लालकिशोर साहलाई नै उम्मेदवार बनाएको हो।

यसैगरी, जनकपुरको प्रमुख पदमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट मनोजकुमार चौधरी र उपप्रमुखमा रीताकुमारी मिश्रले उम्मेदवारी दर्ता गराएका छन्।

## जसपाबाट टिकट नपाएपछि विवेकशीलबाट उम्मेदवारी

प्रस, वीरगंज, १२ वैशाख/

मधेस आन्दोलनका शहीद सोहन साह कलवारकी पत्नी विनीता साह कलवारले सोमवार वीरगंज महानगरपालिका–१६ को अध्यक्ष पदमा उम्मेदवारी दिएको समाचार छ।

जसपा नेपालले टिकट नदिएपछि उनले विवेकशील साझा पार्टीको तर्फबाट वडाध्यक्षमा उम्मेदवारी दिएकी हुन्। सोमवार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उनले वडाध्यक्षमा मनोनयन दर्ता गराएकी थिइन्। २०७४ सालको स्थानीय निर्वाचनमा जसपाबाट उनी महिला वडा सदस्यमा निर्वाचित भएकी थिइन्।

२०७० सालको मधेस आन्दोलनमा विनीताका पति सोहन साह कलवारको प्रहरीको गोलीबाट मृत्यु भएको थियो।

## नेकाले दुईजनालाई दियो नगरप्रमुखको टिकट

प्रस, जनकपुर, १२ वैशाख/

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा नेपाली काङ्ग्रेसले नगरप्रमुखको लागि दुईजनालाई टिकट दिएको समाचार छ। प्रह्लादकुमार क्षत्रीलाई टिकट दिएको दुई घण्टा नबित्दै चिरञ्जीवी हमालले पनि टिकट पाएको बताइएको छ।

सोमवार बिहान क्षत्रीले प्रदेशबाट नगरप्रमुखको लागि टिकट लिएपछि सामाजिक सञ्जालमा शुभकामना लिंदै थिए तर चिरञ्जीवी हमालले टिकट पाएपछि उनको खुशीमा तुवाँलो लागेको छ। चिरञ्जीवी हमाल मनोनयन दर्ताका लागि निर्वाचन कार्यालयमा पुगेपछि त्यहाँ पहिलेदेखि पुगेका प्रह्लाद क्षत्री पक्षका नेता, कार्यकर्ता अचम्ममा परेका थिए। नेता हमालले भने– "कसले टिकट पायो मलाई थाहा छैन, तर म मनोनयन दर्ता गर्न जाँदैछु।"

यता, नेपाली काङ्ग्रेस महोत्तरीले कसको टिकट आधिकारिक हो भन्ने विषयमा जाँचबुझ गर्ने बताएको छ।

## जसपाले टिकट नदिएपछि लोसपाबाट मनोनयन

प्रस, वीरगंज, १२ वैशाख/

जनता समाजवादी पार्टी बाराका नेता तथा सुवर्ण गाउँपालिकाका अध्यक्ष महेन्द्रराय यादव मनोनयनको अन्तिम दिन सोमवार अन्ततः लोसपामा प्रवेश गरेर टिकट हासिल गर्न सफल भएका छन्।

जसपाबाट उनले टिकट नपाएपछि लोसपामा प्रवेश गरेका हुन्। उनलाई लोसपाका मधेस प्रदेश अध्यक्ष जीतेन्द सोनलले पार्टी प्रवेश गराउँदै गापा अध्यक्षको टिकट दिएका थिए। हिजो जसपाबाट सुवर्ण गापाको अध्यक्षमा मनोनयनपत्र दर्ता गर्ने मनसाय बनाएका यादवलाई जसपाले धर्मवीर यादवलाई टिकट दिएपछि उनले पार्टी परिवर्तन गर्दै लोसपामा प्रवेश गरेर गापा अध्यक्षको टिकट हात पार्न सफल भएको बताइएको छ।

## चार तले छतबाट लडेर बालिकाको मृत्यु

प्रस, वीरगंज, १२ वैशाख/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२ मा राजीव रञ्जन श्रीवास्तवकी चार वर्षीया छोरीको छतबाट लडेर आइतवार मृत्यु भएको छ। रञ्जनको चार तले घरको छतमा खेल्ने क्रममा अनु श्रीवास्तव लडेर गम्भीर घाइते भएकी थिइन्। उनको वयोधा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता राजेश थापाले बताए।

## बैंकिङ कसूरमा जयसवाल पक्राउ

प्रस, वीरगंज, १२ वैशाख/

बैंकिङ कसूर तथा ठगी मुद्दामा फरार भएका रौतहटका एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

रौतहट जिल्लाको देवाही गोनाही नगरपालिका–३ घर भई काठमाडौं महानगरपालिका–१० बानेश्वरमा बस्दै आएका मृत्युञ्जय जयसवाललाई प्रहरीले पक्राउ गरेको हो। उनले आठजनालाई प्रलोभनमा पारी सात करोड १३ लाख रुपियाँ ठगी गरेको उजुरीको आधारमा पक्राउ गरी प्रहरी वृत्त, नयाँ बानेश्वर, काठमाडौंको हिरासतमा राखिएको प्रहरीले जनाएको छ।

## जङ्गलमा अज्ञात व्यक्तिको शव भेटियो

प्रस, वीरगंज, १२ वैशाख/

बाराको कोहल्वी नगरपालिका–२ स्थित तामागढी साझेदारी वनमा एकजना व्यक्तिको शव भेटिएको छ।

तामागढी–कोहल्वी सडकको जङ्गलभित्र ५५ वर्षीय पुरुषको शव आइतवार भेटिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ। शवको सनाखत हुन नसकेको बारा प्रहरीका प्रवक्ता राजेश थापाले जानकारी गराए।

# पोखरियामा एमालेका उम्मेदवारद्वारा मनोनयन दर्ता




सोमवार उम्मेदवारी दर्ता गराउन जाँदै पोखरियाका राजनीतिक दलहरू। तस्वीरः प्रतीक

प्रस, पोखरिया, १२ वैशाख/

नेकपा एमालेका उम्मेदवारहरूले सोमवार पोखरिया नगरपालिकास्थित निर्वाचन कार्यालयमा मनोनयन दर्ता गराएका छन्।

एमालेबाट नगरप्रमुखमा प्रद्युम्न चौहान र उपप्रमुखमा रूबि ठाकुरले निर्वाचन कार्यालयमा मनोनयन दर्ता गराएका छन्।

यसैगरी, वडा नं १ को अध्यक्ष पदमा प्रमोद गिरी, २ मा केदार महतो, ३ मा रामप्रवेशप्रसाद चौहान, ४ मा जोगिन्द्र साह रौनियार, ५ मा महेन्द्रप्रसाद महतो, ६ मा मनोजप्रसाद चौहान, ७ मा नन्दलालप्रसाद पटेल, ८ मा सुमित साह गोढ, ९ मा रामेश्वर महतो र १० मा बुनिलाल राउत कुर्मीले मनोनयनपत्र दर्ता गराएका छन्।

# परवानीपुर गाउँपालिकामा कस-कसले गराए उम्मेदवारी दर्ता ?



परवानीपुर गापाको अध्यक्ष पदका उम्मेदवारहरू क्रमशः रामक्षत्री पटेल, लालबाबू यादव, जगतनारायण महतो र शम्भु साह (बायाँबाट)। तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १२ वैशाख/

नेपालकै सबैभन्दा सानो गाउँपालिकाको रूपमा चिनिने बाराको परवानीपुरमा आगामी स्थानीय तहको चुनावलाई मध्यनजर गर्दै विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले सोमवार उम्मेदवारी दर्ता गराएका छन्।

परवानीपुरस्थित भोजभगत माविमा तोकिएको निर्वाचन कार्यालयमा बाजागाजासहित राजनीतिक दलका उम्मेदवारहरू पुगेर उम्मेदवारी दर्ता गराएका थिए। नेकपा एमालेबाट परवानीपुर गापाको अध्यक्षमा रामक्षत्रीप्रसाद कुर्मी, उपाध्यक्षमा सुगान्धी देवी, वडा नं १ को अध्यक्षमा उमेश मण्डल, २ मा नूर महम्मद, ३ मा इब्राहिम मियाँ, ४ मा गजेन्द्र पटेल, ५ मा रामेश्वरप्रसाद पटेलले उम्मेदवारी दर्ता गराएका छन्।

लोकतान्त्रिक समाजवादी पार्टीबाट गापा अध्यक्षमा जगतनारायण महतो, उपाध्यक्षमा सावित्रीदेवी पटेल, वडा नं १ को अध्यक्षमा मिश्री महतो धानुक, २ मा जवाहर महतो, ३ मा अनिल राम, ४ मा गम्भीरा पटेल, ५ मा सुरेश पटेलले उम्मेदवारी दर्ता गराएका छन्।

नेपाली काङ्ग्रेसबाट गापा अध्यक्षमा लालबाबू यादव, उपाध्यक्षमा पूनम चौहान, वडा नं १ को अध्यक्षमा चोकट महतो, २ मा राजेन्द्र साह, ३ मा दीपक यादव, ४ मा महन्त राम, ५ मा प्रभु पटेलले उम्मेदवारी दर्ता गराएका छन्।

जसपाबाट गापा अध्यक्षमा सञ्जु साह, उपाध्यक्षमा बिन्दुदेवी पटेल, वडा नं १ को अध्यक्षमा देवलालमहतो धानुक, २ मा सुरेशलाल साह कानू, ३ मा आनन्द यादव, ४ मा श्रवण यादव, ५ मा रामेश्वर कलवारले उम्मेदवारी दर्ता गराएका छन्।

जसपाबाट गापा अध्यक्षमा उम्मेदवारी दर्ता गर्ने सञ्जु यसअघि लोसपाको निर्वाचित कार्यपालिका सदस्य थिए। उनले गापा अध्यक्षको लागि लोसपा छाडेर जसपामा प्रवेश गरेका थिए।

# उम्मेदवारी दर्ता गर्ने दिन पेट्रोलपम्पमा भीड

प्रस, वीरगंज, १२ वैशाख/




तस्वीरः प्रतीक

पर्सा, बारामा स्थानीय तहको चुनावको क्रममा सोमवार उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन पेट्रोलपम्पमा भीड लागेको थियो।

मुख्य दल नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टीलगायतका दलबाट स्थानीय तहको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, वडा सदस्यलगायतको पदमा उम्मेदवारी दिन मुख्य निर्वाचन अधिकृतको कार्यालयमा दलबलका साथ नेताहरू पुगेका थिए।

गाउँबाट भोजभतेर गरी मनोनयन दर्ता गर्न नेता, कार्यकर्ताहरू निर्वाचन कार्यालय जाँदा बाटोमा पर्ने पेट्रोलपम्पमा पेट्रोल, डिजेल भर्नेहरूको भीड लागेको थियो। सम्बन्धित उम्मेदवारले पैसा खर्च गरेर इन्धनको जोहो गरेका कारण पेट्रोलपम्पमा नेता, कार्यकर्ताहरूले इन्धन भराएका थिए। पर्सा, बाराका मुख्य सडक छेउछाउका अधिकांश पेट्रोलपम्पमा सयौंको सङ्ख्यामा भीड लागेको थियो।

# हेटौंडा उपमहानगरमा मनोनयन दर्ता

मकवानपुर, १२ वैशाख/रासस

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मकवानपुरको हेटौंडा उपमहानगरपालिकामा विभिन्न दलहरूले मनोनयन दर्ता गराएका छन्।

गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)की मीनाकुमारी लामाले प्रमुखमा र नेपाली काङ्ग्रेसका राजेश बानियाँले उपप्रमुखमा उम्मेदवारी दर्ता गराएका छन्।

दुवैजनाले हेटौंडा उपमहानगरपालिका-२ स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवारी दर्ता गराएका हुन्। प्रमुख र उपप्रमुखमा मिलेर मनोनयन दर्ता गराए पनि हेटौंडाका १९ वटै वडामा भने काङ्ग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रले छुट्टाछुट्टै उम्मेदवारी मनोनयन दर्ता गराएको मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले जानकारी दिए।

यस्तै, नेकपा (एमाले)बाट प्रमुखमा अनन्त पौडेल र उपप्रमुखमा सुमित्रा काफ्ले, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रमुखमा दीपकबहादुर सिंह र उपप्रमुखमा इन्दिरा न्यौपाने तथा जसपाबाट प्रमुखमा दीपा लामा र उपप्रमुखमा हरिहर खतिवडाले उम्मेदवारी दर्ता गराएका छन्। यसअघि आइतवार सातजनाले मनोनयन दर्ता गराएका थिए।

**नेप्से..........**

पुगेको छ।

कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा छ। सो कम्पनीको रु आठ करोड ११ लाख ९१ हजार ८२४ बराबरको कारोबार भयो। शिवम् सिमेन्ट रु छ करोड ६२ लाख आठ हजार १६४, हिमालयन डिस्टिलरी रु छ करोड ४३ लाख २४ हजार ३९४, अपी पावर कम्पनी रु पाँच करोड ६८ लाख १५ हजार ८३० र एनआइसी एशिया बैंक रु पाँच करोड ३८ लाख ६७ हजार ६६३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार जाल्पा सामुदायिक लघुवित्त ९.९९, सिद्धार्थ इक्विटी फन्ड ४, एनआइबिएल प्रगति फन्ड ३.७१, आरबिबी म्युचुअल फन्ड एक ३.७०, सामुदायिक लघुवित्तका लगानीकर्ताले ३.५६ प्रतिशतले कमाए। सेन्ट्रल फाइनान्स ५.३३, रसुवागढी हाइड्रोपावर ४.८०, न्यादी हाइड्रोपावर ४.७२, सामलिङ पावर कम्पनी ४.४६ र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले ४.३४ प्रतिशतले गुमाए।

# विपन्नहरूलाई कुर्ता सुरुवाल वितरण

प्रस, वीरगंज, १२ वैशाख/



इद पर्वको अवसरमा सामुदायिक सेवा केन्द्रलगायत विभिन्न सङ्घसंस्थाहरूले सोमवार वीरगंज महानगर-२ छपकैयामा विपन्न महिलाहरूलाई कुर्ता सुरुवाल वितरण गरेका छन्।

वुमन्स क्रिएशन, संस्कार संस्था र राइजिङ वीरगंजले इदको अवसरमा विपन्न महिलाहरूलाई ८० थान कुर्ता सुरुवाल वितरण गरेको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए।

कार्यक्रममा सामुदायिक सेवा केन्द्र छपकैयाका ग्यासुद्दीन ठकुराई, वुमन्स क्रिएशनकी अध्यक्ष हेमा अग्रवाल, रेणु अग्रवाल, अवधेश मुस्तुफालगायतको सहभागिता थियो।

**निर्वाचन......**

आचारसंहिता तथा अनुगमन विभागले अनुगमन गरिरहेको छ। महासङ्घका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्य उम्मेदवार बनेमा महासङ्घको विधानको मर्म र व्यवस्था अनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः मुक्त हुने निर्णयसमेत गरिएको छ।




नेतासँगै उम्मेदवारी दर्ता गर्न आएका महिला कार्यकर्ताहरू सोमवार वीरगंजको प्रचण्ड गर्मी छल्न सुस्ताउँदै। तस्वीरः राधेश्याम पटेल




**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।**

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमैं चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा शेयर नगरौ।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।

**सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |